म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १६९ बुधबार, १२ माघ २०७८ नवमी ने. सं. ११४२ पोहलागा 26 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आधुनिकलाई अन्तर्राष्ट्रिय विद्यालयको उपाधि

हेटौंडा/ब्रिटिस काउन्सिल नेपालले हेटौंडाको आधुनिक राष्ट्रिय माविलाई अन्तर्राष्ट्रिय विद्यालयको उपाधि दिएको छ । सन् २०१९ देखिनै विद्यार्थी लक्षित विभिन्न परियोजना सञ्चालन गरेको आधुनिक राष्ट्रिय माविलाई काउन्सिलले मंगलबार अन्तर्राष्ट्रिय विद्यालयको उपाधि दिएको हो । काउन्सिलले हरेक वर्ष नेपालका सरकारी तथा निजी विद्यालयको क्षमता अभिवृद्धि गर्ने गरी साझेदारी गर्दै विद्यालयलाई अन्तर्राष्ट्रिय उपाधि प्रदान गर्ने गरेको छ ।

ब्रिटिस काउन्सिल नेपालले निर्धारण गरेको मापदण्डमा रहेर आधुनिक माविले ४ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीलाई विभिन्न १० वटा परियोजना कार्य गराएको परियोजना संयोजक शिक्षक सुरज बुढाथोकीले जानकारी दिए । विद्यार्थीलाई परियोजना कार्यमा सहभागी गराउन परियोजना संयोजकको रुपमा शिक्षकहरुलाई नै जिम्मेवारी दिइएको संयोजक बुढाथोकीले बताए ।

# १७ दिनपछि एमाले मकवानपुरको विवाद मिल्यो

साझाकुरा संवाददाता

हेटौंडा/प्रतिद्वन्द्वी उम्मेदवारलाई थाहै नदिई नेकपा एमाले मकवानपुरको नयाँ जिल्ला कमिटी घोषणा भएपछि उत्पन्न विवाद सुल्झिएको छ ।

पुस २५ गते निर्वाचन कमिटीले अध्यक्षका उम्मेदवार बद्री लम्साललाई जानकारीनै नदिइ एकालाल श्रेष्ठलाई अध्यक्षमा घोषणापछि उब्जिएको विवाद लम्साल लचिलो ढंगले प्रस्तुत हुँदै आफ्नो उम्मेदवार फिर्ता लिएपछि सुल्झिएको हो ।

२३ र २४ पुसमा भएको एमाले मकवानपुरको अधिवेशनबाट पदाधिकारी र खुला सदस्य सर्वसम्मत निर्वाचित भएको घोषणा गरिएको थियो । अध्यक्षमा श्रेष्ठ चुनिएका थिए । अध्यक्षका अर्का उम्मेदवार लम्साललले आफ्नो उम्मेदवारी कायमै रहेकाले जिल्ला कमिटी घोषणा गरेको भन्दै प्रश्न उठाउँदै आएका थिए । अन्तत: लम्साललले उम्मेदवारी फिर्ता लिएसँगै सर्वसम्मत जिल्ला कमिटीको मंगलबार सपथ गराइएको छ । तत्कालिन जिल्ला अधिवेशन आयोजक कमिटी अध्यक्षसमेत रहेका लम्साललले विज्ञप्ति निकाल्दै आफ्नो उम्मेदवारी कायमै रहेको र नयाँ कमिटी घोषणाविरुद्ध कानुनी उपचार खोज्ने बताएका थिए ।

लम्साललले नेताबाटै उम्मेदवारी फिर्ता लिएर सपथ ग्रहणको बाटो खोल्न दबाब आएको बताएका छन् । 'मलाई नेताहरुबाट उम्मेदवारी फिर्ता लिन निर्देशन भएपछि सोही अनुसार फिर्ता लिएँ । पद हस्तान्तरण गर भनेकोले हस्तान्तरण पनि गरेँ । उम्मेदवारी फिर्ता गरेपछि नयाँ कमिटीको सपथ भयो । नेताहरुको निर्देशनअनुसार काम गरेँ ।,' लम्साललले भने ।



यसअघि एमाले मकवानपुरका उम्मेदवारहरुले सर्वसहमतिको नाममा गुटको राजनीति गरेको आरोप लगाउँदै असन्तुष्ट पोखेका थिए । अध्यक्षमा श्रेष्ठ र लम्साललले दावी नछोडेपछि सहमति हुन नसकेपछि अध्यक्ष मण्डलले सर्वसम्मतीमा जिल्ला कमिटी टुंग्याएको थियो । ११ औं अधिवेशनबाट अध्यक्षमा श्रेष्ठसहित उपाध्यक्षमा लालबहादुर थापा, सचिवमा नवीन सिग्देल, उपसचिव (खुला)मा हिदम लामा र उपसचिव (महिला)मा सिता विष्ट चयन भएका थिए ।

एमाले जिल्ला अधिवेशनका निर्वाचन प्रमुख अर्जुन अर्यालले जिल्ला अध्यक्ष श्रेष्ठलाई पद तथा गोपनीयताको सपथ खुवाएका थिए । अध्यक्ष श्रेष्ठले पदाधिकारीलाई सपथ गराएका थिए ।

## मकवानपुरमा थपिए १ सय ४६ कोरोना संक्रमित

**१ हजार ६ सय २७ जना सक्रिय संक्रमित छन् ।**

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा थप १ सय ४६ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ ।

जिल्लामा मंगलबार १ सय ४६ जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार, जिल्लामा पछिल्लो २४ घण्टामा ३ सय २० जनाको पीसीआर र एन्टिजेन परीक्षण गर्दा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको हो ।

सो अवधिमा १ सय २१ जनाको पीसीआर परीक्षण गर्दा ७८ जनामा र १ सय ९९ जनाको एन्टीजेन परीक्षण गर्दा ६८ जनामा संक्रमण पष्टि भएको हो । यससँगै जिल्लामा हाल सक्रिय संक्रमितको संख्या १ हजार ६ सय २७ जना पुगेको छ ।

जसमध्ये १ हजार ६ सय १३ जना होम आइसोलेशन र १६ जना संस्थागत आइसोलेसनमा उपचाररत् छन् । यस्तै, जिल्लामा पछिल्लो २४ घण्टामा २१६ जना कोरोना संक्रमणमुक्त भएका छन् भने संक्रमणका कारण कुनै पनि व्यक्तिको निधन भएको छैन ।




# हेटौंडामा राष्ट्रियसभा निर्वाचनको तयारी पूरा



साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशतर्फ रिक्त रहेको राष्ट्रियसभा सदस्य दुई सीटका लागि आज बुधबार हेटौंडामा मतदान प्रक्रिया अघि बढाईंदै छ ।

हेटौंडामा दुई वटा मतदान केन्द्रबाट मतदान हुने प्रदेश निर्वाचन आयोगको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार हेटौंडा-८ औद्योगिक क्षेत्र परिसरमा हुने मतदान प्रक्रियाका लागि सवारी पार्किङ स्थल, हेल्प डेस्क र स्वास्थ्य क्लिनिक संचालन गर्ने गरी आवश्यक तयारी गरिएको छ ।

स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष र प्रदेशसभा सदस्यका लागि छुट्टाछुट्टै गरी दुई वटा मतदान केन्द्रबाट मतदान गर्ने व्यवस्था मिलाइएको सहायक निर्वाचन अधिकृत लुम्बनाथ पोखरेलले बताए । दुई मतदान केन्द्रमा अधिकृतसहित ८/८ जना गरी १६ जना कर्मचारी खटिने छन् ।

मतदान केन्द्र अनुसार मतपत्र पनि दुई रंगको हुनेछ । कोभिड-१९ महामारीको कारणले गर्दा स्वास्थ्य सुरक्षामा केही चुनौती देखिएपनि यसको व्यवस्थापन गर्ने गरी तयारी गरिएको पोखरेलले बताए । मतदाताहरुले कोरोनाविरुद्धको दुई मात्रा खोप लगाएको कार्ड ल्याउनुपर्ने, कोरोना संक्रमित भए वा लक्षण देखिएका मतदातालाई छुट्टै मतदान गर्ने गरी व्यवस्थापन गरिएको छ ।

मतदान स्थलामा जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले हेल्पडेस्कसहित २ जना स्वास्थ्यकर्मी अनिवार्य रहनेछन् । बिहान ९ बजेबाट सुरु भएर दिउँसो ३ बजे मतदान गर्ने समय तोकिएको छ । ४ बजेपछि मतगणना सुरु गर्ने र ७ बजेभित्र अन्तिम नतिजा सार्वजनिक गर्ने तयारी गरिएको छ ।

राष्ट्रियसभा सदस्य बन्न ६ जनाको उम्मेदवारी दर्ता भएको छ । सत्तारुढ गठबन्धनका दुई जना, नेकपा एमालेको तर्फबाट २ जना र नेपाल मजदुर किसान पार्टीबाट दुईजना गरी आधा दर्जनले मनोनयन दर्ता भएको प्रदेश निर्वाचन आयोगको कार्यालयले जनाएको छ ।

गठबन्धन दलका तर्फबाट महिलामा नेकपा (एस)बाट गोमादेवी तिमल्सिना र अन्य तर्फमा कांग्रेसबाट कृष्णप्रसाद पौडेल मैदानमा छन् । प्रतिपक्ष नेकपा एमालेबाट महिलामा निरुकुमारी कुँवर, अन्यमा गोपाल शाक्य र नेमकिपाबाट महिलामा गीता काफ्ले र अन्यमा कृष्णबहादुर तामाङ प्रतिस्पर्धामा उत्रिएका छन् ।

निर्वाचन प्रक्रिया अन्तर्गत प्रतिस्पर्धामा सहभागी नभएको विवेकशील साझा पार्टी मतदान प्रक्रियामा पनि अनुपस्थित हुने भएको छ । विवेकशील साझा पार्टी बागमती संसदीय दलको मंगलबार दिउँसो काठमाडौंमा बसेको बैठकले यस्तो निर्णय गरेको हो । बागमतीमा विवेकशील साझाका ३ सांसद छन् ।

राष्ट्रियसभा निर्वाचनमा हाल उम्मेदवार रहेको कोही पनि उचित नलागेका कारण मतदान प्रक्रियामा सहभागी नहुने निर्णय गरिएको संसदीय दलका नेता रमेश पौड्यालले बताए ।





साझाकुरा

## हाम्रो कुरा

# डढेलो र आगोबाट जोगिऔं

जाडो मौसमको अन्तिम समय अर्थात् माघको बिचदेखि फागुन, चैत अर्थात् सुख्खा मौसम । यही समयबाट गर्मी सुरु हुने हुँदा हावा, हुरी सुरु हुन्छ । वन क्षेत्र प्रशस्त भएका कारण मकवानपुरमा अत्यधिक डढेलोको समस्या वर्षेनि बढ्दै गएको पाइन्छ । सरकारी तथा सामुदायिक सबै प्रकारको वनमा डढेलो लागेको देखिन्छ । यसले वन क्षेत्र वरपरका बस्तीमा आगलागीको सम्भावना बढ्नेमात्र होइन, वनमा रहेका विरुवा तथा जीवजन्तु मर्ने र वातावरणमा नकारात्मक प्रभाव पार्ने गर्दछ ।

डढेलो लागेपछि नियन्त्रण गर्न धेरै गाह्रो पर्दछ । डढेलोबाट बच्ने प्रभावकारी उपाय भनेको डढेलो लाग्नै नदिनु हो । यसका लागि डढेलो लाग्न नदिने प्रभावकारी उपाएको खोजी गर्नु सबैभन्दा राम्रो हुन्छ । हुन त वन तथा वातावरणसँग सम्बन्धित विभिन्न सरकारी तथा गैरसरकारी निकायले डढेलो नियन्त्रणका लागि थुप्रै प्रयत्न गर्ने गरेका छन् । वन जंगल संरक्षण र उपयोगमा निकै महत्वपूर्ण सावित भइरहेको सामुदायिक वन उपभोक्ता समूहहरुले पनि डढेलो नियन्त्रणका लागि बर्षेनि विभिन्न अभियान सञ्चालन गर्दै आएका छन् । यसका बाबजुत पनि जिल्लाका वन क्षेत्रमा लाग्ने डढेलोले धेरै धनजनको क्षति गर्दै आएको छ । डढेलो भयानक हुन्छ । यसले वनजंगलमात्र नभएर मानिसको जीवनसमेत समाप्त गर्न सक्छ । यस अर्थमा डढेलो र आगलागी नियन्त्रणका लागि राज्यदेखि सरोकारवाला निकाय र सर्वसाधारणहरुले समेत जागरुकता देखाउन जरुरी छ । आगलागी समयमै नियन्त्रणमा लिन अग्नी नियन्त्रणको प्रभावकारी व्यवस्था अपनाउनु पर्छ ।

शहरी क्षेत्र तथा सडक पुगेको स्थानमा बारुणयन्त्र (दमकल)को सहयोगमा सजिलै आगलागी नियन्त्रण गर्न सकिए पनि दुर्गम तथा ग्रामीण क्षेत्रमा यो सम्भव छैन । यस्तो स्थानमा आगलागी नियन्त्रणका लागि अन्य वैकल्पिक उपायको अपनाउनु आवश्यक छ । आगलागी र डढेलोबाट बच्नका लागि आम जनसमुदायमा सचेतना फैलाउन सकेको खण्डमा वन क्षेत्र र अन्य स्थानहरुमा हुने आगलागी र डढेलो नियन्त्रण गर्न सकिन्छ ।

डढेलो तथा आगलागीबाट हुने जनधनको क्षति, जैविक विविधतामा ल्याउने ह्रास तथा वातावरण प्रदूषणबाट बच्नका लागि सरोकारवालाहरुले समयमै आ-आफ्नोतर्फबाट प्रभावकारी भूमिका निर्वाह गर्नु आवश्यक हुन्छ । सचेतनाले डढेलोलाई लाग्नै नदिने वातावरण निर्माण गर्नसक्छ । व्यापकरुपमा गाउँगाउँमा यससम्बन्धी कार्यक्रमहरु गर्ने, डढेलो बढी लाग्ने क्षेत्रहरुमा स्थानीय मानिसहरुलाई यस विषयमा जानकारी गराउने, बच्ने उपाय बताउने, डढेलो नियन्त्रणका लागि आवश्यक सामग्री उपलब्ध गराउनेलगायतका कार्यहरु गर्न जरुरी छ । नियमितरुपमा डढेलोबाट बच्नका लागि आमसञ्चार माध्यमको पनि व्यापक प्रयोग गर्न सकिन्छ । गर्मीयाम सुरु भइसकेकाले डढेलो लाग्नसक्ने सम्भावनालाई न्यूनीकरण गर्न सबै जागरुक बन्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ माघ १३ गते बिहीबार २७ जनवरी २०२२ । माघ कृष्ण दशमी । पोहेलागा दशमी ११४१ । सूर्योदय ६:५२ र सूर्यास्त ५:४० मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : भित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : प्रेममा सफलता | **धनु** | : शत्रुबाट मुक्त |
| **कर्कट** | : शुभ कार्यको थालनी | **मकर** | : धन नष्ट |
| **सिंह** | : सुख प्राप्ति | **कुम्भ** | : मिष्ठान्न भोजन |
| **कन्या** | : यात्राको योग | **मीन** | : आलश्यता |

# कृषकको जीवनस्तर उकास्न सय किसान अभियान



**अरुणराज सुमार्गी**

> केन्द्रले "एक गाउँ एक उत्पादन"को सफल अवधारणालाई सरकारसँगको सहयकार्यमा देशव्यापी बनाउने लगायतका कार्यक्रम गरेको छ । यसो त यही कार्यक्रमलाई आलोचनात्मक दृष्टिले पनि हेर्ने गरिन्छ । कार्यक्रमले अपेक्षित उपलब्धि हासिल नगर्ने मात्र है, अनियमितता समेतको आरोपबाक्ष गुज्रनु परेको पनि ।

नेपालमा निजी क्षेत्रको सबैभन्दा धेरै सञ्जाल भएको संस्था हो नेपाल उद्योग वाणिज्य महासंघ । देशैभर नेटवर्क रहेको उद्योगी, व्यवसायीहरू सदस्य रहेको यो संस्था देशमा रोजगारी सिर्जना गर्नेदेखि अर्थतन्त्रमा समेत महत्वपूर्ण भूमिका खेल्ने संस्थाको रूपमा निरन्तर काम गरिरहेको छ । महासंघ अन्तर्गतको महत्वपूर्ण निकाय हो कृषि उद्यम केन्द्र ।

हालै मात्र यसको नाम परिवर्तन गरेर कृषि उद्यम तथा अनुसन्धान केन्द्र (एइआरसी) बनाइएको छ । बदलिँदो परिवेशमा समयानुकूल काम गर्न अनुसन्धान केन्द्र बनाइएको हो । हाम्रो मुलुक कृषि प्रधान मुलुक हो । कृषि प्रधान मुलकमा कृषि क्षेत्रको विकासका लागि निजी क्षेत्रको पनि मुख्य भूमिका रहनुपर्ने हुन्छ । यसका लागि उद्यम केन्द्रले महासंघको तर्फबाट नेतृत्वदायी भूमिका खेल्दछ ।

संस्थाभित्र विभिन्न समयमा नेतृत्व हस्तान्तरणको कार्य पनि निरन्तर चलिरहन्छ । केन्द्रले 'एक गाउँ एक उत्पादन'को सफल अवधारणालाई सरकारसँगको सहयकार्यमा देशव्यापी बनाउने लगायतका कार्यक्रम गरेको छ । यसो त यही कार्यक्रमलाई आलोचनात्मक दृष्टिले पनि हेर्ने गरिन्छ । कार्यक्रमले अपेक्षित उपलब्धि हासिल नगर्ने मात्र है, अनियमितता समेतको आरोपबाट गुज्रनु परेको पनि छ ।

विगतमा भएका राम्रा नराम्रा जेजस्ता कार्य भए पनि कृषिको व्यावसायीकरणको अवधारणालाई देशव्यापी बनाउने कृषि उद्यम केन्द्रले भूमिका खेलेको छ । देखिएका तमाम चुनौतीपूर्ण अवस्थालाई पार लगाउँदै कृषि उद्यम केन्द्रलाई उपलब्धिमूलक तरिकाले अगाडि बढाउने कार्य हालको नयाँ नेतृत्वले अगाडि बढाएको छ । केन्द्रको सभापतिको हैसियतमा म र मेरो टिमले विगतका कार्यको समीक्षा गर्दै नेपालको कृषि क्षेत्रको विकासमा पहल-कदमी अगाडि बढाएका छौं ।

कृषि उद्यम केन्द्रलाई अनुसन्धान केन्द्रको रूपमा नाम मात्र परिवर्तन गरिएको छैन, हाम्रो नेतृत्वले थप नतिजामुखी कार्य पनि अगाडि बढाएको छ । कृषि उद्यम केन्द्रलाई अनुसन्धान केन्द्रको रूपमा कार्य गर्ने भएकाले यसको नाममै अनुसन्धान पनि जोडेका हौं । हामीले कृषि विकासका भाषण धेरै ग-यौं, काम गर्ने बानी बसाएनौं । नीति एकातिर, व्यवहार अर्कोतिर भयो । हामी ठूल्ठूला कुरामा व्यस्त भयौं । किसान भने साना साना कुरामा अलमलमा रहे, परिवर्तनको महशुस गर्न सकेनन् । यो कुरालाई मनन गरेर म आफू व्यक्तिगत रूपमा पनि सक्दो कृषकको हकहितमा काम गर्दै आएको छु भने केन्द्रबाट योजनाबद्ध तरिकाले काम गरिरहेको छु ।

हामी आयात गरेर तरकारी खाइरहेका छौं । यता किसानको उत्पादनले मूल्य पाएको छैन । किसानले सही मूल्य पाउने अवस्था मात्र बनाइयो भने पनि धेरै सुधार हुन्छ । सबैले आआफ्नो ठाउँबाट भूमिका खेल्न सकेमा भने परिवर्तन हाम्रै पालमा सम्भव छ । म हेटौंडा जाने आउने बाटोमा पर्ने सिस्नेरी क्षेत्र र थाक्रे क्षेत्रमा सडक वरपर तरकारी बेच्ने किसानको समस्या बुझेको छु ।

थोक व्यापारीले सो क्षेत्रमा तरकारी किन्न गएको भेटको छु । त्यहाँ किसानले गाजर बेच्छ ४० रूपैयाँ प्रतिकिलोमा, उपभोक्तालाई एक सय रूपैयाँमा बेचिन्छ । प्रतिकिलो ३५ रूपैयाँमा किसानले बेच्ने काउली बजारमा १२० रूपैयाँ पर्छ । यो विषयलाई मनन गरेर मैले किसानलाई ३०-३५ रूपैयाँमा हैन, ६०-६५ मा बिक्री गर्न लगाएँ । म सँधै हिड्ने बाटोमा अहिले किसानले मूल्य पाउन थालेका छन् । त्यहाँबाट कालिमाटी जानेहरूलाई पनि किसानसँग सिधै सम्पर्क नम्बर दिएको छु । अहिले त्यही किसान बहुसंख्यक खुशी भएका छन् । अल्पसंख्यक ठेकेदार मसँग रिसाइ रहेका छन् ।

आत्मनिर्भरताको कुरा गर्दा हामी आधारभूत तरकारी उत्पादनमा पनि आत्मनिर्भर छैनौं भने बुझेका छौं तर आयात प्रतिस्थापन गर्नेतर्फ मेहनत गरेका छैनौं । नेपालमा कृषिमा ६४ प्रतिशत जनता आबद्ध छन् । नेपालको उत्पादनले नपुगेर हामीले बाहिरबाट ल्याएर अर्काको देशको विषादीयुक्त उपज खानुपर्ने अवस्था छ । यस्तो समस्या अन्य कृषि उपजमा पनि छ । म आफू सभापति भएपछि यावत विषयमा समीक्षा गरेका छौं । भाषण गर्दै गरौंला, जति सकिन्छ काम गरौं भनेर हाम्रो टिमले कृषि क्षेत्रको समस्यालाई एक हदसम्म सम्बोधन गर्नेगरी काम अगाडि बढाएका छौं । कम्तीमा दैनिक उपभोग्य वस्तुमा मुलुकलाई आत्मनिर्भर बनाऔं, आयात घटाउँदै लैजाऔं भन्ने मनसाय हो । यसका लागि हाल भइरहेका व्यावसायिक कृषिका नमूना कार्यलाई प्रोत्साहन गर्नेसमेतका उद्देश्य लिएर सय किसान अभियान सुरू गरेका छौं । हाम्रो टिम यो अभियानलाई सफल बनाउन गाउँ गाउँ पुगिरहेको छ । देशभर उत्पादनमा संलग्न र बजार नपाएका किसान तथा उत्पादकलाई सहयोगी होस् भनेर एइसी एफएनसीसीआई मोबाइल एप्लिकेसन बनाएका छौं ।

एपले देशभरका उत्पादकलाई जोड्ने काम गर्छ । देशभर नमूना कृषि गरिरहेका युवाहरूलाई जोड्न एप मात्र हैन, आफै पनि देशभर पुगेरसमेत खोजी गरिरहेको छु । केन्द्रको टिमले अनुसन्धान गरिरहेको सय किसान अभियानलाई मुख्य अभियानका रूपमा अगाडि बढाएका छौं । युवा किसानहरूको मनोबल उच्च बनाउन, उत्पादनको बजारीकरण, स्टोरेजको व्यवस्थासमेतमा हामीले सहयोग गर्दैछौं । प्रविधि र प्राविधिकको पहुँच कृषक तथा उद्यमीसम्म पुऱ्याउने काममा कम्मर कसेरै लागेका हौं ।

सय किसान अभियानअन्तर्गत देशभर जाँदा धेरै नै नमूना काम भइरहेको हामीले पाएका छौं । हामीले अवलोकन गर्दा किसानहरूलाई बजारसँग जोड्न सकियो भने युवा स्वरोजगार समेतमा मद्दत पुग्ने देखेका छौं । उत्पादित उपज बिक्री भएन भने किसानले सडकमा फाल्न बाध्य छन् । दूध बढी उत्पादन भए सडकमा पोख्ने, अण्डा नबिक्दा सडकमै फाल्ने, तरकारी बिकेन भने पनि सडकमा फाल्ने नियतिलाई सानो प्रयासले पनि सुधार गर्न सकिन्छ । प्रशोधन उद्योग स्थापना, कोल्ड स्टोरहरूको व्यवस्था र किसानलाई बजारसँग जोड्ने वातावरण बनाउन सकिएमा यस्ता समस्या समाधान हुनेछन् । कृषिमा युवाको आकर्षण बढाउन सहयोग पुग्नेछ ।

हामीले देशभर एक सय मात्र एकीकृत कृषि फार्मलाई प्रवर्द्धन गर्न सक्यौं भने बाँकी काम ती किसानले गर्छन् । किसानले सय हैन सयौं उदाहरणीय कार्य गरेको हामीले पाएका छौं । हामीले थोरै मात्र साथ दियौं भने कृषिले धेरै फड्को मार्न सक्ने महसुस हामीले गरेका छौं । राज्यको सानो मात्र सहयोगमा हामी ठूलो काम गर्न सक्छौं । सरकारले कोसिस नगरेको पनि होइन, जहिले पनि किसानलाई बढाउन कोसिस गर्छ । तर पनि कृषि प्रसारमा समेत सरकारको पहुँच बढ्नुको साटो घट्ने अवस्था छ । समस्या कार्यक्रम र कार्यान्वयनमा मात्र नभइ शिक्षामा पनि छ । हामीले ५० वर्ष पढाएको कृषिले कृषक जन्माएन, कर्मचारी मात्र जन्मायो ।

हामीले कृषक हैन कर्मचारी उत्पादन गर्ने कृषि पढिरहेका-पढाइ रहेका छौं । यो समस्यालाई मध्यनजर गरेर हामीले अब कृषिको प्राविधिक तालिमको खाँचो महसुस गरेका छौं । पछिल्लो समयमा केही विद्यालय र कलेजमा प्राविधिक शिक्षाका कार्यक्रम लागू भएका छन् । हामीले पनि कृषि उद्यम गर्न चाहने युवालाई प्राविधिक शिक्षाको अवधारणा अगाडि बढाएका छौं । हरेक जिल्लामा एकीकृत कृषि तालिम केन्द्रहरू सञ्चालन गर्ने गरी महासंघ र कृषि उद्यम तथा अनुसन्धान केन्द्रबाट कार्यक्रम अगाडि बढाएका छौं । नेपाल उद्योग वाणिज्य महासंघ राज्यपछिको धेरै सञ्जाल भएको संस्था पनि हो ।

कर तिर्ने अग्रणी उद्योगी, व्यवसायी हाम्रै सदस्य हुन् । समृद्धिका लागि कृषि क्षेत्रको विकास हुनुपर्छ भन्नेमा हामी स्पष्ट छौं । तर यसका लागि कृषिको व्यावसायीकरणको उत्तिकै महत्व छ । कृषिको व्यावसायीकरण, यान्त्रिकीकरण, आधुनिकीकरण जस्ता सरकारले लिएको नीतिलाई महासंघले पनि आत्मसात गरेको छ । विश्वका मुलुकहरूमा पनि कृषिलाई निकै प्राथमिकतामा राखेको पाइन्छ । उत्पादन र बजारको नियमन सरकारले व्यवस्थित तरिकाले गरेका कारण विकसित मुलुकमा कृषकलाई मूल्यको समस्या हुँदैन । उपज बिक्री नहुने समस्या पनि रहँदैन ।

कोरियाकै उदाहरण लिने हो भने पनि ४० वर्षदेखि कोरियामा एउटै मूल्यमा कुखुराको मासु पाइन्छ । त्यहाँ एउटा फार्म हाउसबाट ८ लाख कुखुरा एक पटकमा निस्कन्छन् । युरोपमा समेत उसले कुखुरा बेचिरहेको छ । चाहने हो भने हामीले पनि यो स्तरको कार्य गर्न सक्छौं । कोरियामै सुजो भन्ने रक्सीको ब्राण्ड छ, जसलाई राष्ट्रिय पेय पदार्थको रूपमा राज्यले लिएको छ । त्यहाँका राष्ट्रपतिले यही रक्सी पिउँछन् । हाम्रो देशको राष्ट्रिय पेय पदार्थ के हो ? यसको जवाफ छैन हामीसँग । विदेशका महँगा रक्सी मगाएर खाने तर यहाँको स्थानीय उत्पादनलाई जफत गरेर फ्याँक्ने जस्ता काम नेपालमा भइरहेका छन् । सरकारले यहाँको उत्पादानलाई ब्रान्डिङ गरेर बाहिर निर्यात गर्न प्रोत्साहन गर्नुपर्छ । यसमा सरकार तथा सरोकारवालाको ध्यान जानु आवश्यक छ । हामी ध्यानाकर्षण गराउँछौं । कुल गार्हस्थ उत्पादनमा २७ प्रतिशत योगदान कृषि क्षेत्रको छ । कुल गार्हस्थ्य उत्पादनमा करिब १२ प्रतिशत हिस्सा भने दुग्ध क्षेत्रको योगदान मात्र ९ प्रतिशत छ । हामी बल्ल दूधमा आत्मनिर्भर हुँदैछौं । यद्यपि, उद्योगलाई आवश्यक पर्ने दुग्धजन्य कच्चा पदार्थहरू आयात गर्नुपर्ने अवस्था छ ।

अर्कोतिर हाम्रो उत्पादन लागत बढी भएको र खुला सीमाका कारण आयात हुने गरेको दूधले नेपालको उत्पादनलाई कुनै न कुनै रूपमा प्रभावित पारिरहेको हुन्छ । हामीले यसलाई चिर्न लागि परेका छौं । नेपाल सरकारले श्रम तथा रोजगार सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिराखेको छ । हामी सो कार्यक्रमलाई पनि महासंघसँग जोडेर लैजाने तयारीमा छौं । यसका लागि सरकारी निकाय सकारात्मक पनि देखिन्छन् । बैंक तथा वित्तीय संस्थासँग आवश्यक समन्वय हामी गर्छौं । कृषि प्रवर्द्धनका लागि हामी सरकारसँग होस्टेमा हैंसे गरेर जान तयार छौं ।

यावत कार्य गर्न स्रोत परिचालनको विषय पटक पटक चासो राखिने विषय हो । हो, विगतमा महासंघले सरकारसँग रकम लिएर यो काम गरेको पनि हो । तर अब हामी सरकारबाट रकम लिने पक्षमा छैनौं । सरकारको र हाम्रो आफ्नै भएकै संरचना र जनशक्ति परिचालन गरियो भने मात्र पनि धेरै गर्न सकिन्छ । हामीले समन्वयकारी भूमिका निभाउने हो । काम गर्नका लागि सम्बन्धित क्षेत्रका सरोकारवाला अगाडि बढ्ने वातावरण हामी बनाउछौं । महासंघका नगरतहका निकायले सहजीकरण गर्न सक्छन् । सहजीकरण गरेबापत कृषक र महासंघ दुवैले लाभ लिन सक्ने अवस्था हामी सिर्जना गर्छौं । अनुसन्धान केन्द्र भएकाले हामीसँग केही स्रोत तथा जनशक्ति छन् ।

सरकारको स्वरोजगार कार्यक्रमबाट प्रशिक्षकले तालिमहरू दिन सक्छन्, रकम सरकारको कोषबाट खर्च हुन्छ । हामी समन्वय गर्छौं । कृषिमा लाग्न चाहने जनशक्तिलाई आवश्यक ज्ञान, सीप, बैंक ऋण, बिमा जस्ता विषयमा सहजीकरण गरियो भने बाँकी काम कृषक आफैले गर्न सक्छन् । एइआरसीले पहलकदमी अगाडि बढाएको छ । हामीले सुरु गरेको सय किसान अभियान मात्र सहज तरिकाले अगाडि बढ्दा आगामी दुई वर्षमा एक तहको काम हुन्छ । अन्य क्षेत्रमा पनि प्रविधिको प्रयोगले परिवर्तन भएको हामीले देखेका छौं । भुसे चुल्हो हटेर ग्याँस चुल्हो विस्तार हुन धेरै समय लागेन । आज नेपालको शतप्रतिशत नेपालीको घरमा ग्यास चुल्हो पुगेको छ ।

प्रविधिको प्रयोग सही तरिकाले गर्न सकियो भने कृषिमा पनि परिवर्तन टाढा छैन । हामीले रासायनिक मल आयात गरिरहेका छौं, त्यो पनि सिजनमा हाहाकार हुन्छ । तर हामीले पालेका गाई भैंसीको टनका टन गोबरलाई संकलन गरेर कृषिमा प्रयोग गरियो भने आयातबाट बाहिर जाने रकम जोगिने मात्र हैन नेपालीले स्वस्थ्य कृषि उपज उपभोग गर्ने वातावरण पनि बन्छ । त्यस्तै हाम्रो बजारबाट निस्किएको फोहोरको ४० प्रतिशत भाग गलेर जाने चिज हो ।

६० प्रतिशत भागमा प्लास्टिक, फलाम, आल्मुनियमजस्ता चिजहरू हुन्छन्, त्यसबाहेक ४० प्रतिशत तरकारी फलफूलको बोक्रा वा तिनका जराजुरी, खानेकुरा, घाँसपात हुन्छन् । यस्तो सब गलेर जाने चिज हो, त्यही मल हाल्यो भने जग्गा मलिलो हुन्छ । होटलहरूले फाल्ने खानेकुरा, तरकारीका छोक्राबोक्रामात्र सडाएर मल बनाउने काम नगरपालिकाले गऱ्यो भने आम्दानी बढेर जान्छ पनि ।

हामीले हाम्रो देशको विविधीकरणलाई उपयोग नै गर्न सकेका छैनौं । कृषिमै पनि एक आपसमा समन्वयकारी नेटवर्क बनायौं भने हिमाल, पहाड, तराईका उत्पादन सिजनअनुसार नै पनि उत्पादन गरेर बजारको माग पूर्ति गर्न सकिन्छ । झापाको उत्पादन कर्णालीको जिल्लामा, कर्णालीको फलफूल र अन्न हेटौंडाका उपभोक्तालाई खुवाउनेदेखि पहाडको ट्राउट माछा तराईमा खुवाउने वातावरण बनाउन गाह्रो छैन ।

इच्छाशक्ति र थोरै साथको जरुरत देख्छु म । एकीकृत कृषि फार्म गरेर कृषि पर्यटन, पर्या-पर्यटनको सम्भावना त झनै प्रचुर छ । जसले मुलुकको अर्थतन्त्रलाई उकास्न सकारात्मक भूमिका खेल्न सक्छ । विदेशबाट फर्केर कृषि गरिरहेका युवा र परम्परागत रूपमा कृषि नछाडेका कृषकलाई थोरै मात्र सहयोग गरेमा धेरै नतिजा दिन सक्छन् । हामीलाई पूर्ण विश्वास छ, हामी गर्न सक्छौं । कुरा गर्न जति सजिलो छ, काम गर्न त्यति नै गाह्रो पनि छ । हामी काम गर्नेमा विश्वास गर्छौं । सय किसान अभियानको काम अगाडि बढी नै सकेको छ । हामीले सबै जिल्लाको उद्योग वाणिज्य संघलाई पत्राचार गरिसकेका छौं । यो अवधारणाको बारेमा व्यक्तिगत सक्षमसंस्था हो ।

हामी पदाधिकारीलाई तलब चाहिँदैन । अनुसन्धान केन्द्र भएको हुनाले कर्मचारी तलब खान्छन् र अनुसन्धानको काम गर्छन् । अहिले हामी थुप्रै गाउँपालिकासँग काम गरिराखेका छौं । प्रोजेक्टहरू तयार गर्दिन्छौं । त्यसबापत एइसीलाई केही कमाइ पनि हुन्छ । एफएनसीसीआईले हामीसँग १२ करोडको अपेक्षा गरेको छ । यो चोटी नेतृत्वमा भएका कारण मैले कमाएर १२ करोड दिनुपर्ने छ । हामी कसैको डोनेसन लिँदैनौं । हामीलाई अन्तर्राष्ट्रिय जगतले टिओआर गरेर दियो भने टिओआरको वर्क गर्न जाँदा कस्ट पाउँछौं त्यही कस्टमा हो हामीलाई नाफा हुने । त्यसैले हामी आफ्नो श्रमले, स्रोतले मात्र पनि सय किसानजस्ता अभियानहरू सफलतापूर्वक गर्ने क्षमता राख्दछौं । उद्योग वाणिज्य महासंघमा म संलग्न भएको मात्र ५ कार्यकाल भयो ।

मेरो जिल्ला नगर क्षेत्र हो । पहिला २०-२१ वर्ष हाम्रो देशले स्थानीय सरकार पाएन । यसबीच एफएनसीसीआईले भने काम गरी नै रहेको थियो । जिल्ला नगरको उद्योग वाणिज्यको चुनाव त भइराखेको हुन्थ्यो । स्थानीय सरकार नभएको हुनाले कर्मचारीमात्र हुने भएकाले हामीले लेखेर पठाएको हुनाले विकासको काम कतिपय समयमा सोचे जसरी अगाडि बढाउन गाह्रो पनि हुन्थ्यो । यसबीचमा हामीले काम गयौं तर स्थानीय सरकार आउने बित्तिकै हामीलाई सौता जस्तो देख्न थाल्यो । तर पनि हाम्रो काम त विजनेस हो ।

अहिले जिल्ला नगरमा हामीले नयाँ बिजनेसमा लिएर गएका छौं, कृषिको बिजनेस । जिल्लामा कृषि हुने ६४ प्रतिशत भनेको जुन सुकै जिल्लामा पनि कृषि छ । कृषि नभएको जिल्ला छैन । कृषि छ भने कृषिलाई व्यवसायीकरण गरौं । बिजनेस गरौं भनेर हामी अगाडि बढेका छौं । सय किसान अभियान कृषक, उद्योगी व्यापारी, उपभोक्ता र राज्यका लागिसमेत बिजनेसको माध्यम बनाउने अभियान हाम्रो हो । सय किसानको अर्थ एक सय किसान मात्र भन्ने हैन सयौं किसान यो अभियानमा जोडिन सक्छन् । जोडि रहेका पनि छन् ।

सय किसानको अवधारणा सबै जिल्लामा गइसक्यो । उनीहरूले जिल्लाको किसानहरूलाई भनिसके म गर्छु भन्ने किसान जम्मा भइसके । त्यसको फर्म बनाइसके । फर्म हामी बाँडदै जान्छौं जिल्ला जिल्लामा । प्रदेशले बाँडछ । बाँडिसकेपछि हामी त्यसलाई सेलेक्सन गर्छौं । हाम्रो काम त्यही बेलामा भइराखेको हुन्छ । हाम्रो रिसर्च कपि पनि आयो । के के आयो, कुन जग्गामा आयो कति जग्गामा आयो । निजी हो कि सार्वजनिक हो । त्यो आइसकेपछि सुचीमा परेको किसानलाई हामी कागज तयार गर्दिन्छौं । सेवा शुल्क १ रूपैयाँ लिन्छौं । ऋणलिँदा त बैंकले १ प्रतिशत सेवा शुल्क काट्छ । त्यो १ प्रतिशत भनेको एउटा किसानले ४० करोड लियो । ४ करोड लियो भने ४ लाख भयो ४० करोड लियो भने ४० लाख करोड हुन्छ । त्यो ४ करोड स्थानीय उद्योग वाणिज्य संघको सम्पति हो ।

यसको लागि उसले व्यवस्थापक राख्छ । त्यो गर्न सक्ने खालको अहिले त्यहाँ पनि सीईओ लेभलको मान्छे त हुन्छ नि । कार्यकारी अधिकृत हुन्छ जिल्लाजिल्लामा । त्यो कार्यकारी अधिकृतसँग अझ विकाससँग ल्याउनु भएको छ । यसको टिओर हामीले बनाएको छ । यो प्रोजेक्टमा तपाईलाई तपाईको कर्मचारीहरूलाई भनेर छुट्टाएको पैसा हामीले पाउँछौं । हामीले पहिल्यै लगानी गरेर आधार तयार भइसकेको छ । अहिले एईसीमा त्यही डकुमेण्ट बनाएर प्रधानमन्त्री रोजगार कार्यक्रको रिसर्च कार्यक्रम अगाडि बढेको छ । विश्वबैंकलाई कति ओटा प्रोजेक्ट पठाइसकैं । आईटी सँग एग्रिमेन्ट गरिसकैं । एउटा प्रोजेक्ट पास भयो भने पैसा आइहाल्यो नि ।

हामी त काम गर्न जाने हो । हाम्रो प्राविधिकहरू प्रशिक्षण दिन जान्छन् । प्रशिक्षण दिएपछि संस्थाको पैसा बढ्छ । यसको यति यसको यति भनेर उसले बनाउँछ । यो एईसीको कर्म हो । छोराछोरीको कर्म बाबुआमालाई स्याहार्ने । किसानलाई प्रोजेक्ट पुर्याउन हामी आएको हो । यसको सोच त्यही हो । किसान र सरोकारवाला सबैलाई सय किसान अभियानमा जोडिएर कृषकको जीवनस्तर माथि उकास्न र अर्थतन्त्र बलियो बनाउन सहयोग गर्न मेरो अपिल । हामीले बनाएको एईसी एफएनसीसीआई एप्लिकेसन, फोन, इमेल वा सामाजिक सञ्जाल जताबाट पनि जोडिन सक्नुहुनेछ । जिल्ला जिल्लामा रहेका उद्योग वाणिज्य कार्यालय पनि सम्पर्क कार्यालयका रूपमा छन् । आउनुहोस् सय किसानमा हातेमालो गरौं ।

*(सय किसान अभियान सञ्चालन गरिरहेका उद्योगी सुमार्गी नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत कृषि उद्यम तथा अनुसन्धान केन्द्रका सभापति हुन् ।)*

*- साभार: टक्सार*

# कहिल्यै नफाट्ने माया... 'तिमीलाई नै'




काठमाडौँ (रासस)/

*आकाश खसोस्, धर्ती फाटोस्*
*घाम रोकियोस् चाहे जुन रोकियोस्*
*तर हाम्रो माया...कहिलै नफाटोस्...*

गीतकार घनबहादुर थापाको शब्द रचनामा हालै सार्वजनिक गीत 'तिमीलाई नै'का यी शब्दले अटुट प्रेमलाई चरितार्थ गरेको छ । प्रेमको खोजी र यसको प्राप्ति सहजै हुने कुरा होइन । संसारमा बनेका हरेक जोडी आत्मियता कै खोजीका क्रममा बाँधिएका हुन्छन् । यस गीतले पनि यस्तै प्रेमको परिभाषा बोल्छ ।

मन मिल्ने साथी भेटिएपछि उनीहरू त्यो साथ कहिल्यै टुटाउन चाहँदैनन् । समातिएको एक अर्काको हात आपसबाट कहिल्यै छुटाउन चाहँदैनन्, चाहे त्यो बेलामा जस्तोसुकै विपत्ति किन नआओस् । यही भाव गीतका शब्दले खोल्छ ।

*कति घुमे खण्डहर,*
*भेटिन्छ कि रारा भनी*
*कति जागे रात भर,*
*आकाशका तारा गनी*
*यस्तो त्याग तपस्याले,*
*तिम्रो आधार खोजेको छु*
*जुनी जुनी साथै बस्न*
*तिमीलाई नै रोजेको छु*


जीवनको त्याग र तपस्यापछि भेटिएको मान्छेलाई आफूबाट टाढा राख्न नसकिने तर्क पनि गीतमार्फत अभिव्यक्त गरिएको छ । पहिलो मायाको पहिलो अनुभव सङ्गाल्ने भाका फुराएको गीतमा कलिलो माया गाँसिदाका अप्ठेरा अनि रमाइला पल समेटिएको छ । गीतकार थापा आजभोलि समाजमा स्वार्थ बढेको बताउँछन् । स्वार्थी प्रेममा युगल जोडी गाँजिएका र पछि विच्छेदका घटना बढ्दो छ । यसलाई रोक्नुपर्ने अभिभारा हाम्रो काँधमा छ भन्ने सोच पलायो । त्यही सिलसिलामा गीत तयार पारिएको उनले सुनाए ।

"अनेकौं मोड छिचोलेर र कयौँ ठक्कर खाएर स्थापित प्रेमसम्बन्ध जोगाउन अहिले कठिन भइरहेको छ", गीत लेखनको क्षण सम्झँदै थापाले सुनाए, "ठूलो त्यागले जोडिएको सम्बन्ध नटुटोस्, हजारौंबाट छानेर भएको मिलन आकाश-धर्ती फाटे पनि फाट्नुहुन्न भन्ने कल्पना आयो, अनि शब्द ऊनें ।"

प्रहरी निरीक्षक थापा कविता, कथालगायत साहित्य लेखनमा समेत रुचि राखे । थापाले यसपाली कलाकार (गीतकार) का रुपमा समेत आफ्नो परिचय फैलाए । 'तिमीलाई नै'मा गायक किरण भुजेल र गायिका मेलिना मैनालीको युगल स्वर छ । केही अघि 'इनाक्षी इन्टरटेनमेन्ट' युट्युब च्यानलमार्फत उक्त गीतको म्युजिक भिडियोसमेत सार्वजनिक भएको छ । त्यसमा दीपकराज विश्वकर्माको संगीत तथा निर्देशन रहेको छ । भिडियोमा गायक/गायिका स्वयंको अभिनय छ । केशवराज भट्टको कोरियोग्राफी, डिन्सन शाहको सम्पादन, अनिता ग्वाछाको शृंगार र अमन बडूको छायांकनमा भिडियो तयार गरिएको हो । काठमाडौंको धार्मिक क्षेत्र साँखु क्षेत्रका प्राकृतिक दृश्य भिडियोमा समावेश छ । युवायुवतीको प्रेम र दम्पतीले वैवाहिक सम्बन्ध दीगो राख्ने कामना गरिएको गीतले समाजमा सकारात्मक सन्देश छरेको छ ।

निर्देशक दिपकराज विश्वकर्मा फिल्मी शैलीमा म्युजिक भिडियो बनाएको बताउँछन् । यसका शब्द रचना, सङ्गीत, स्वर र रमणीय क्षेत्रका दृश्यले दर्शकलाई तान्ने प्रयास गरेको छ । छोटो समयमा गीतले एक लाख ५४ हजार भ्युज पाएको छ ।

# बालश्रम प्रयोग घट्दो क्रममा



गण्डकी (रासस)/ गलैँचा र गार्मेन्ट उद्योगमा हालै गरिएको एक अनुसन्धानले बालश्रमको अवस्था घट्दो क्रममा देखिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्रम र केन्द्रिय तथ्यांक विभागको प्राविधिक सहयोगमा नेपाल कमर्स क्याम्पसका उपप्राध्यापक तथा अनुसन्धानकर्ता डिलाराम भण्डारीले गरेको अनुसन्धानले १८ वर्ष मुनीका बालबालिकाको प्रयोग गलैंचा उद्योगमा ६.६६ प्रतिशत र गार्मेन्ट उद्योगमा १.६३ प्रतिशतले घटाएको देखाएको हो ।

सन् १९९३ मा ५० प्रतिशत बालश्रम प्रयोग रहेको गलैंचा उद्योगमा २०२१ सम्म आइपुग्दा १८ वर्षमुनिका बालश्रमिकको संख्या घटेर ६.६६ प्रतिशत पुगेको अनुसन्धानदाता भण्डारीले जानकारी दिए । भण्डारीले २० जिल्लाका २९० गलैंचा र १८३ गार्मेन्ट उद्योगमा यो अनुसन्धान गरिएको जानकारी दिए । सामाजिक सचेतना, शिक्षाको व्यापकता आदिका कारण वर्षेनी बालश्रम घट्दो अवस्थामा पुगेको उनको ठम्याइ छ । उद्योगको उत्पादन क्षेत्रमा काम गर्ने आठ हजार ४८३ श्रमिकको लिङ्ग, उमेर, क्षेत्र, आम्दानी, शिक्षा, सामाजिक सुरक्षा आदि विषयमा अनुसन्धान गरिएको भण्डारीले जानकारी दिए ।

ती उद्योगमा ४.७५ प्रतिशत भारतीय, ०.०२ प्रतिशत अन्य र बाँकी नेपाली श्रमिक कार्यरत रहेको पाइएको छ । नेपाली श्रमिक मध्येमा तामाङ, मगर, गुरुङ र शेर्पा समुदायका श्रमिकको बाहुल्यता रहेको अनुसन्धानले देखाएको छ । अनुसन्धानबाट श्रमिकमध्येमा २० वर्षदेखि ४९ वर्षकाको संख्या ८० प्रतिशत र औसत कार्य ५२ घन्टा प्रतिहप्ता पाइएको बताउँदै उनले यो नेपालको श्रम कानुन भन्दा केही बढी देखिएको जानकारी दिए ।

नेपालको कानुनले प्रतिहप्ता औसत कार्य ४८ घण्टा तोकेको छ । गलैंचा उद्योगमा काम गर्ने पुरुषको मासिक आम्दानी १५ हजार ९२३ र गार्मेन्ट उद्योगमा काम गर्नेको १७ हजार ६३२ रहेको उनले जानकारी दिए ।

# स्वास्थ्य र सोखका लागि साइकल चलाउने बढ्दै

चितवन (रासस)/ कुनै बेला साइकलको जिल्ला भनेर चिनिने चितवनमा यतिबेला स्वास्थ्य र सोखका लागि साइकल प्रयोग हुन थालेको छ । पछिल्ला दिनमा आवश्यकताले भन्दा पनि स्वस्थ रहन र सोखका लागि साइकल प्रयोग गर्नेहरू बढ्दै गएका हुन् ।

त्यसो त चितवनमा कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रमा यसको प्रयोग भइरहेको व्यवसायी बताउछन् । किसानले मल, बीऊ ओसारपसारदेखि तयारी वस्तु बिक्रीसम्ममा साइकलको प्रयोग गर्ने गरेका छन् । साइकलमा मनोरम दृश्यावलोकन गर्दै यात्रा गर्न साइकलको प्रयोग हुँदै आएको छ । स्कुल र कलेज जाने विद्यार्थीले ठूलो संख्यामा साइकलको प्रयोग गर्दै आएका छन् । स्वास्थ्य तन्दुरुस्त राख्ने प्रयोजनले बिहान बेलुकी साइकल चलाउनेको संख्या पनि जिल्लामा ठूलै रहेको छ । पालिकाले छात्रालाई साइकल बाढ्ने गरेका छन् ।

चितवन र नवलपुर जिल्लाका साइकल व्यवसायीको संस्था साइकल व्यवसायी संघ चितवन-नवलपुरका पूर्व अध्यक्ष श्याम खरेल दुई जिल्लामा गरेर तीन सय हाराहारी साइकल पसल रहेको बताउछन् । ठूला होलसेल गर्ने, मध्यम साइकलको बिक्री गर्ने र साना साइकल मर्मत गर्ने पसल यसमा पर्दछन् ।

करिब २० हाराहारी ठूला होलसेल पसल छन् भने ८० हाराहारी मध्यम र अन्य साना पसल रहेका छन् । एकीन तथ्यांक नभए पनि दैनिक एक सयभन्दा बढी साइकल नयाँ साइकल बिक्री हुने गरेको उनको अनुमान छ । विगतमा बिक्री हुने साइकल र अहिले बिक्री हुने साइकल फरक छन् । बिक्रेताले ग्राहकको चाहना अनुसार फरक फरक मोडलका साइकल ल्याउने गरेको उनी बताउछन् ।

राईडर्स माउन्टेन बाइक स्टेशन नारायणगढका सञ्चालकसमेत रहेका खरेलका अनुसार बजारमा सात हजार ५०० देखि एक लाख ५० हजारसम्मका साइकल बिक्री हुने गरेका छन् । त्यसो त सात हजार ५०० देखि १५ हजारसम्मका साइकल धेरै मात्रामा बिक्री हुने उनको भनाइ छ । एक लाख र त्योभन्दा बढी मूल्यका साइकल भने फाट्टफट्ट मात्रै बिक्री हुने गरेको खरेलले बताए । व्यवसायीले भारत र चीनबाट साइकल र साइकलका सामग्री ल्याउने गर्दछन् ।



अहिले हरेक घरमा साइकल भएको उनको भनाइ छ । खरेलले भने "घरमा कार र मोटरसाइकल भए पनि साइकल हुन्छ ।" विलासी सवारी हुनेले पनि दूध, फलफूल किन्न, मिल जान साइकलको प्रयोग गर्ने गरेको पाइन्छ । विगतमा पुरानो हुँदासम्म मर्मत गर्दै साइकल चलाउने गरेको भए पनि अहिले सामान्य मर्मत गरेर चल्ने साइकल कबाडीमा बिक्री गर्ने गरेको व्यवसायी बताउँछन् ।

साइकलका कारण मानवीय स्वास्थ्यसँगै ठूलो मात्रामा इन्धन बचत भएको व्यवसायीको भनाइ छ । उद्योग वाणिज्य संघ चितवनका पूर्व अध्यक्ष राजन गौतम चितवनमा दैनिक २५ हजार हाराहारी साइकल चल्ने बताउँछन् । उनका अनुसार ती साइकलले दैनिक चार किलोमिटर सरदर यात्रा गर्दा पनि दैनिक रु १५ लाख बराबरको इन्धन बचत हुने उनको अनुमान छ ।

उनले भने, "राज्यले साइकल लेनको व्यवस्था गर्नुपर्छ ।" स्थानीय पालिकामा सडक निर्माण गर्दा अनिवार्य साइकल लेन बनाउनुपर्ने उनको भनाइ छ । चितवनले साइकल र साइकलले चितवनलाई अलग गर्न नसक्ने भन्दै उनले भने, "समथर भूभाग, चौँडा सडक, सामान्य उकाली ओराली, साइकलका लागि अनुकूल भौगोलिक वातावरणसँगै जिल्लामा साइकल भित्रिएका हुन् ।"

जिल्लाको जति नै विकास भए पनि साइकलको महत्व नहराउने गौतम बताउँछन् । उनका अनुसार उद्योग र असंगठित क्षेत्रमा काम गर्ने मजदूरदेखि महँगा गाडी चढ्ने व्यवसायीसम्मले साइकलको प्रयोग गर्ने गरेका छन् । उनले भने, "मजदूरले आवश्यकताले र व्यवसायीले स्वास्थ्य र सोखका लागि साइकल प्रयोग गर्छन् ।" वातावरणीय दृष्टिकोण र पेट्रोलियम पदार्थको आयातलाई निरुत्साहित गर्न साइकल प्रयोगलाई राज्यले प्रोत्साहन गर्नुपर्ने गौतमको भनाइ छ । चितवन राईडर्स क्लबका अध्यक्ष नवीन खरेल १५० सदस्य क्लबमा रहेको बताउँछन् । स्वस्थ रहन र सन्देश प्रवाह गर्न क्लबले काम गरिरहेको छ ।

आफ्नो ढाडमा नशा च्यापिएपछि फिजियोथेरापीको सट्टा साइकल चलाउन थालेको उनी बताउँछन् । उनले भने "साईकल चलाउन थालेपछि मेरो समस्या समाधान भयो ।" उनी जस्तै धेरै साइकलबाट लाभान्वित भएका छन् । हाडजोर्नी तथा नशारोग विशेषज्ञ प्राडा. कृष्णप्रसाद पौडेल साइकल र पौडीबाट मानिसको शरीरको पूरै अंगहरूलाई व्यायाम हुने बताउँछन् ।

उनले भने "चीन र जापान जस्ता देशले साइकललाई प्रवर्द्धन त्यसै गरेका होइनन् ।" कार्यालय जाँदा, यात्रा गर्दा साइकलको प्रयोग गर्न सकेमा इन्धन बचाउन सकिने उनी बताउँछन् । साइकल लेन बनाउने विषयमा सरकारले ध्यान दिनुपर्ने पौडेलको सुझाव छ । भरतपुर अस्पतालका मेडिकल सुपरिटेण्डेण्टसमेत रहेका पौडेल आफूलाई साइकलको 'फ्यान' रहेको बताउँछन् ।

# 'कोरोनाको ग्राफ निरन्तर उकालो लागे'सँगै जडीबुटीको धुलोको माग बढ्दो

काठमाडौँ (रासस)/ नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमण बढेसँगै गुर्जोलगायत जडीबुटीबाट बनेको रोग प्रतिरोधी क्षमता वृद्धि गर्ने धुलोको माग बढ्न थालेको छ ।

कोरोनामा गुर्जोलगायत जडीबुटीले राम्रो गरेको अनुभव भएपछि धेरैको आकर्षण यसतर्फ बढेको हो ।

विसं २०७६ चैतमा नेपालमा कोरोना भाइरस भेटिएपछिदेखि नै मानव शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि गर्ने गुर्जोलगायत जडीबुटी मिसिएको पोका निःशुल्क वितरण गर्दै आएका आन्तरिक राजस्व कार्यालयमा कार्यरत कमलबहादुर राजलवटले यसपटक पनि अभियानलाई तीव्रता दिएका छन् ।

हाल ४० जिल्लाका १२० स्थानबाट निःशुल्क गुर्जोलगायत करिब ६० जडीबुटी मिसिएको धुलो वितरण भइरहेको उनले जानकारी दिए । नेपालमा पहिलोपटक कोरोना देखिँदा आन्तरिक राजस्व कार्यालय लहानमा प्रमुख कर अधिकृतका रुपमा कार्यरत उनले त्यसबेलादेखि नै देशभर निःशुल्क जडीबुटीको धुलो वितरण शुरु गरेको हो ।

कार्यालय सरुवा भएर काभ्रपलाञ्चोकको धुलिखेलमा आएपछि पनि उनले जडीबुटीको धुलो वितरणलाई निरन्तरता दिएका छन् । गुर्जोकोमात्र धुलो वितरण गरेर अभियान शुरु गरेका राजलवटले कोरोनाको दोस्रो लहरका बेला ४८ जडीबुटीको धुलो बनाएर वितरण गरेको थियो ।

**गुर्जोलगायत ५६ जडीबुटीबाट बनेको धुलोको माग बढ्दो**

कोरोनाको तेस्रो लहर शुरु भएपछि भने उनले ५६ प्रकारका जडीबुटीको धुलो बनाएर निःशुल्क वितरण गर्न थालेको छ । तेस्रो लहरको कोरोना छिटो फैलने र यसले परिवारका सबैजसो सदस्यलाई ग्रस्त बनाउन थालेपछि यसको माग बढेको हो । कार्यालय समय बाहेक बिहान र बेलुका जडीबुटीको धुलो बाँडेर नै बिताउने गरेका राजलवट कोरोनालगायत फ्लुजन्य रोगबाट बच्न जडीबुटीको धुलो प्रभावकारी भएको अनुभव सुनाउँछन् । एकपटक जडीबुटीको धुलो प्रयोग गरेकाले पटकपटक फोन गरेर थप धुलो मगाउने गरेका छन् ।

हाल गुर्जो, तुलसी, असुरो, लेमनग्रास, कटीपत्ता, ज्वानो, मेथी, दालचिनी, तेजपात, हर्रो, बर्रो, अमला, ल्वाङ, अलैँची, टिम्बुर, मरिच, सुठो, बेसार, पिपला, अपमार्ग, सनईपत्ता, निपोध, निम, चिराइतो, बकाइनो, ज्येष्ठमधु, वायुविरिङ, चुत्रो, नागरमोथी, सुन्तलाबोक्रा, अनारबोक्रा, लज्जावती, पुनःनभा, अम्बापात, पारिजात पात, आँप पात, वर पात, पिपल, मेवा पात, बोझो, तितेपाती, रुदिलो, कालोजिरा, बेलपात, माझिम फल, जङ्गे हर्रो, सिमल फुल, पुदिना, ठूलो ओखती, अर्जुन छाल, धनियाँ, ब्राह्मी, कोइरालो, खयर, सयपत्री, गोदावरी गरी ५६ वटा जडीबुटीबाट बनेको धुलो बनाएर वितरण गरिएको छ । कोरोना संक्रमित तथा रूघा, खोकी, ज्वरो, फ्लु रोगीमा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धिका लागि गुर्जोसहितको धुलो उपयोगी मानिने आयुर्वेदका चिकित्सक डा वंशदीप शर्मा खरेल बताउँछन् । आयुर्वेद चिकित्सक तथा विज्ञको परामर्शमा तयार गरी यो धुलो वितरण शुरु गरिएको हो । आयुर्वेद चिकित्सक स्व डा. ऋषिराम कोइराला, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, कीर्तिपुरका कार्यकारी निर्देशक डा रामआधार यादवलगायत चिकित्सकको सल्लाहमा यो धुलो तयार पारिएको अभियानकर्मी राजलवट बताउँछन् ।

संक्रमण फैलिएका बेला रोगबाट बच्न आयुर्वेदिक गुणयुक्त वनस्पति गुर्जोका परिकार सेवन गर्नेको संख्या बढ्न थालेको छ । कोरोना पोजेटिभ भएका मानिसले पनि गुर्जोका परिकार सेवन गर्न थालेपछि रिपोर्ट नेगेटिभ आएको अनुभव सुनाएका छन् ।

कीर्तिपुरस्थित आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रमा आइसोलेसनमा राखिएका कोरोना पोजेटिभलगायतलाई गुर्जोलगायत जडीबुटीकै सेवन गराउने गरिएको कार्यकारी निर्देशक यादवले सुनाए । यी केन्द्रमा बिहान बेलुका प्राणायाम, योग र ध्यानसमेत गराइन्छ । यो विधिबाट उपचार गर्दा बिरामी ठीक भएर फर्कने गरेको उनको भनाई छ ।

हालसम्म करिब तीन लाखभन्दा बढीलाई गुर्जोका बिरुवा वितरण गरिएको उनले जानकारी दिए । त्यति नै संख्यामा गुर्जोबाट बनेको चिया र धुलो पनि निःशुल्क वितरण गरिएको छ । सार्वजनिक स्थलमा हुने कार्यक्रममा निःशुल्क गुर्जोको चियासमेत करिब पाँच लाख मानिसलाई खुवाइएको राजलवट बताउँछन् । गुर्जोका परिकारले कब्जियत हटाउने, तरोताजा एवं स्फूर्तिसमेत बढाउने सेवनकर्ताको अनुभव छ ।

यस्तै महत्वको औषधि भएकाले एक घरमा अनिवार्य रुपमा एउटा गुर्जोको बिरुवा रोपे धेरै रोगका लागि औषधिको काम गर्ने, नियमित सेवनले मानव शरीरमा रोग प्रतिरोधी क्षमता बढ्ने आयुर्वेद चिकित्सक डा खरेल बताउँछन् । आयुर्वेद शास्त्रको 'यस्य देशस्य यो जन्तो : तस्य तद् औषधं हितम्' अर्थात् जुन स्थानमा मानिस जन्मन्छ, उसलाई औषधिको काम गर्ने वनस्पति त्यहीं हुन्छ भन्ने सिद्धान्तका आधारमा गुर्जोजस्ता ओषधीय गुणले युक्त वनस्पतिको संरक्षण गरिनुपर्ने उनले बताए ।

हिमालयका काखमा रहेको नेपाली वनपाखामा धेरै किसिमका औषधिय गुणले युक्त जडीबुटी एवं वनस्पति भएपनि तिनको सदुपयोग हुन सकेको छैन । कतिपय जडीबुटी, वनस्पति चोरी निकासी भई त्यसमा रासायनिक पदार्थ मिलाएर बनाइएको आधुनिक औषधि नेपालमा भित्रने गरेको अभियानकर्मीको गुनासो छ ।

आयुर्वेद अस्पताल र औषधालयलाई प्रवर्द्धन गर्न खोज अनुसन्धानमा जोड दिनुपर्ने चिकित्सक खरेलको भनाइ छ । आयुर्वेद औषधि उत्पादन गर्नेसिंहदरबार वैद्यखाना विकास समितिसमेत निरन्तर ओरालो लागेकाले सरोकार भएका निकायको ध्यान जानुपर्ने अभियानकर्मीको माग छ ।

## प्रदेश भेला स्थगित

काठमाडौँ (रासस)/ समाजवादी प्रेस संगठन नेपालले प्रदेशस्तरीय भेला स्थगन गरेको छ । पछिल्लो समय कोरोना महामारी संक्रमणको जोखिम बढ्दै गएकाले भेला हाललाई स्थगन गरेको हो ।

आगामी फागुन ७ गते काठमाडौँमा सम्मेलनको तयारी गरेकामा माघ महिनाभित्रमा प्रदेश भेला सम्पन्न गर्ने कार्यक्रमको तिथिमिति तय भएको थियो ।

राष्ट्रिय सम्मेलनका लागि आवश्यक विधानको प्रारम्भिक मस्यौदा अन्तिम चरणमा छ । मस्यौदा निर्माणपछि सम्बन्धित पक्षका साथै विज्ञसँग व्यापकरूपमा छलफल गरिने छ ।

# 'इच्छाकामना' म्युजिक भिडियोमा




मुग्लिन (रासस)/ चितवनको इच्छाकामना गाउँपालिकाले पर्यटन प्रवर्द्धनका लागि म्युजिक भिडियो निर्माण गरेको छ ।

गाउँपालिका अध्यक्ष गीताकुमारी गुरुङ स्वयम्ले रचना गरेको गीत 'इच्छाकामना'लाई म्युजिक भिडियो बनाइएको हो । गाउँपालिकाले विशेष गरी पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले म्युजिक भिडियो निर्माण गरेको उनले बताए ।

भिडियोमा गाउँपालिकाको कृषि, पर्यटन, भौगोलिक बनावटबारे उल्लेख गरिएको छ । गीतले इच्छाकामना घुम्न आउन सबैलाई आग्रह गरिएको छ । गीतको भिडियोले पनि गाउँपालिकाको सिराइचुली, चितवनको पुरानो सदरमुकाम एतिहासिक उपर्दाङगढी जलवीरे लामो झरना, इच्छाकामना मन्दिर, तामिन, दाहाखानी, काउले साठीमुरे, मुग्लिन बजार, कुरिनटार, मनकामना केबुलकार, त्रिशूली, फिस्लिङलगायतका विभिन्न पर्यटकीय स्थलको दृश्य देखाइएको छ । उक्त भिडियोमा गायक तथा संगीतकार चेतन सापकोटाको स्वर तथा संगीत सुन्न सकिन्छ । उनले नै निर्देशन गरेको भिडियोको छायांकन भने विनोद श्रेष्ठ, राज पोखरेल र अनिल कटुवालले गरेका हुन् । साथीभाइ फिल्म्स् प्रालिले निर्माण गरेको भिडियोको सम्पादन भने प्रतिक ढुंगेलले गरेको छ ।

भिडियोमा गायक तथा संगीतकार सापकोटाले प्रमुख भूमिका निर्वाह गरेको छ भने गाउँपालिका अध्यक्ष एवं गीतका सर्जक गुरुङसहित स्थानीय कलाकारलाई देख्न सकिन्छ ।

गीतको भिडिया र अडियो सोमबार गाउँसभाको अवसर पारेर 'वी स्टार' नेपाल नामक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो । चितवनको एक मात्र गाउँपालिका ईच्छाकामना पर्यटकीय सम्भावना बोकेको पालिका हो । प्रचारप्रसारको अभाव र भौगोलिक विकटताका कारण पर्यक भित्र्याउन नसकेको यस गाउँपालिकामा पछिल्लो केही वर्षयता पर्यटकीयस्थलमा सडक पुगेसगैं पर्यटकको आवागमनमा केही वृद्धि हुदैं आएका छन् ।

# बढ्यो सुनको मूल्य



काठमाडौँ (रासस)/ सुनचाँदी बजारमा मंगलबार छापावाल सुनको मूल्य प्रतितोला रु ५०० ले उकालो लागेर रु ९४ हजार पुगेको छ । पहेँलो धातु अघिल्लो दिन प्रतितोला रु ९३ हजार ५०० मा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरणनुसार मंगलबार तेजाबी सुनको मूल्य प्रतितोला रु ९३ हजार ५०० कायम भएको छ । जसको मूल्य सोमबार प्रतितोला रु ९३ हजार तोकिएको थियो । त्यस्तै मंगलबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा रु १५ ले घटेर प्रतितोला रु एक हजार ३०० तोकिएको महासंघले जनाएको छ ।

महासंघले अन्तर्राष्ट्रिय बजारमा सुन तथा चाँदीका मूल्यमा हुने परिवर्तनका आधारमा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।

अन्तर्राष्ट्रिय बजारमा मंगलबार सुन प्रतिऔँस एक हजार ८४१ डलर आसपास कारोबार भइरहेको छ ।

# छ्याङ्दी हाइड्रोपावरको हकप्रद बिक्री खुला

काठमाडौँ (रासस)/ छयाङ्दी हाइड्रोपावर लिमिटेडले आजदेखि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला गरेको छ ।

कम्पनीले हाल कायम १० कित्ता बराबर नयाँ तीन कित्ता शेयरको अनुपात (१०:३)मा प्रतिकित्ता रु एक सय अङ्कित मूल्यमा रु आठ करोड ९३ लाख दुई हजार ५०० बराबरको आठ लाख ९३ हजार २५ कित्ता हकप्रद शेयरको बिक्री खुल्ला गरेको हो ।

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा गत पुस २० गतेसम्म कारोबार भई कायम कम्पनीका शेयरधनीले हकप्रदमा आवेदन दिन सक्नेछन् । जसका लागि कम्पनीले पुस २१ मा शेयरधनी दर्ता किताब बन्द अर्थात् बुकक्लोज गरेको थियो । जसअनुसार पुस २० सम्म कायम कम्पनीका शेयरधनीले हकप्रद शेयर खरिदका लागि मंगलबारदेखि आवेदन दिन पाउने कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल लिमिटेडले जनाएको छ ।

शेयरधनीले नक्सालमा रहेको ग्लोबल आइएमई क्यापिटलको कार्यालय तथा ग्लोबल आइएमई बैंकको लमजुङका विभिन्न शाखा कार्यालयका साथै नेपाल धितोपत्र बोर्डबाट सिआस्वा सुविधा प्रदान गर्न अनुमति पाएका बैंक तथा वित्तीय संस्था र तिनका शाखा कार्यालयबाट सि-आस्वा प्रणालीमार्फत शेयर दरखास्त फाराम बुझाउन सक्नेछन् ।

त्यस्तै अनलाइनमार्फत 'मेरोशेयर' प्रयोग गरेर पनि शेयरका लागि आवेदन दिन सकिने कम्पनीले जनाएको छ । कम्पनीका अनुसार हकप्रदमा बिक्रीखुला भएको २१ दिनसम्म अर्थात् आगामी फागुन २ गतेसम्म आवेदन दिन सकिने छ ।

त्यस्तै धितोपत्रको सार्वजनिक निष्कासन गर्दा क्रेडिट रेटिङ गर्नुपर्ने व्यवस्थाअनुसार रेटिङ गर्दा इक्रा नेपालले कम्पनीलाई 'इक्राएनपी आइआर बीबी माइनस' ग्रेडिङ प्रदान गरेको छ ।

रेटिङ अनुसार कम्पनीको हालको अवस्था दायित्व बहन गर्ने क्षमतामा औसत जोखिममा रहेको भन्ने बुझिन्छ ।

हाल रु २९ करोड ७६ लाख ७५ हजार रहेको कम्पनीको चुक्ता पुँजी हकप्रद निष्काशन गरी बाँडफाँडपश्चात् रु ३८ करोड ६९ लाख ७७ हजार ५०० पुग्नेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# यातायात कम्पनीले बाँड्यो मास्क



साझाकुरा संवाददाता

हेटौंडा/सर्वसाधारणको स्वास्थ्य सुरक्षाप्रति पुरानो नारायणी यातायात कम्पनी प्रालिले चिन्ता व्यक्त गर्दै सचेतना कार्यक्रम गरेको छ ।

कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमणबाट सर्वसाधारणहरु प्रभावित भइरहेको र यसबाट प्रहरी पनि असुरक्षित रहेकाले यसबाट बच्न मास्कको प्रयोग गर्नुपर्ने सचेतना यातायात कम्पनीले गरेको छ ।

पुरानो नारायणी यातायात कम्पनी प्रालिले प्रहरीलाई मास्क प्रदान गरेको छ । नागरिकको सुरक्षामा अहोरात्र खट्ने प्रहरीलाई संक्रमणबाट जोगिन मास्क वितरण गरेको हो । हेटौंडाको बुद्धचोकस्थित एक कार्यक्रम आयोजना गरी कम्पनीका अध्यक्ष हिरालाल श्रेष्ठले वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक कृष्णप्रसाद बिष्टलाई मास्क हस्तान्तरण गरेका छन् ।

मकवानपुरमा पुनः कोरोना संक्रमण बढ्दै अवस्थालाई मध्यनजर गर्दै सचेतनामूलक पर्चा तथा मास्क वितरण अभियान सुरु गरिएको थियो । कम्पनीले 'अनिवार्य मास्क लगाऔं, स्वास्थ्य मापदण्ड पालना गरौं' भन्ने उद्देश्य सहित सुरु गरेको अभियानअन्तर्गत प्रहरीलाई मास्क हस्तान्तरण गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

कम्पनीले यस अघि हेटौंडा १० बसपार्कमा माक्स अभियान सञ्चालन गरिसकेको छ । कोरोना महामारीको पहिलो र दोस्रो लहरमा पनि कम्पनीले सर्वसाधारण र प्रहरीलाई मास्क सहयोग गरेको थियो ।

कार्यक्रममा कोभिड सर्तकताको लागि सचेतना मुलक पर्चा र मास्क नलगाउने यात्रुलाई मास्क वितरण पनि गरिएको थियो । उनीहरुले स्वास्थ्य सुरक्षका मापदण्ड पालना गर्न गराउन आग्रह समेत गरेका छन् । कार्यक्रममा पुरानो नारायणी यातायात कम्पनीका महासचिव सरोज खनाल, कम्पनीका प्रतिनिधि, सञ्चारकर्मी, प्रहरी लगायतको उपस्थिति थियो ।

# खोप अभियानमा उल्लेख्य सहभागिता




साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-१० बसपार्कमा संचालित सामुदायस्तरको खोप अभियान अन्तरगत १० दिनमा २ हजार ९ सय ६२ जनाले कोरोना विरुद्धको खोप लगाएका छन् ।

सामुदायिक प्रहरी हेटौंडा-१० बसपार्कमा माघ २ गतेदेखि संचालित खोप अभियानमा मंगलबारसम्ममा २ हजार ९ सय ६२ जनाले खोप लगाएका हुन् । अभियान अन्तरगत मंगलबारमात्रै ३ सय ९० जनाले खोप लगाएको सामुदायिक प्रहरी सेवा उपकेन्द्र बसपार्कका अध्यक्ष प्रदीप कँडेलले जानकारी दिए ।

अभियान अन्तरगत सर्वसाधारण र यातायातकर्मीहरुलाई खोप लगाएको कंडेलले बताए । अभियान अन्तरगत ५ सय थान मास्क समेत वितरण गरिएको छ । खोप एवं मास्क अभियान निरन्तर संचालन गरिने उनले बताए । अभियानमा जिल्ला प्रशासन कर्यालय मकवानपुर, जिल्ला प्रहरी कार्यालय मकवानपुर, पुरानो नारायणि यातायात प्रालि, हेटौंडा उपमहानगर पालिका, आदर्श युवा उप समिति, सचेत नागरिक युवा समुह साना हातहरु नेपाल मकवानपुर लगायतले सहयोग गरिरहेका छन् ।

यसैगरी राक्सिराङ गाउँपालिकामा पनि खोप अभियानले कोरोना विरुद्धको खोप लगाउनेको संख्यामा उल्लेख्य सुधार आएको छ । राक्सिराङ गाउँपालिकाले सञ्चालन गरेको पहिलो चरणको ३ दिने खोप अभियानमा २ हजार ६ सय ९ जनाले कोरोना विरुद्धको खोप लगाएका छन् ।

माघ ७ गते देखि राक्सिराङ गाउँपालिकाको वडा नम्बर ४, ५, ८ र ९ मा सञ्चालन भएको खोप अभियानमा १ हजार ३ सय २० महिला र १ हजार २ सय ८९ पुरुष गरी २ हजार ६ सय ९ जनाले खोप लगाएका हुन् ।

जस अन्तर्गत वडा नम्बर ९ मा सबै भन्दा धेरै ४१७ जनाले खोप लगाएका छन् । जस मध्ये ३८४ जना महिला र ३३३ जना पुरुषले खोप लगाएका छन् । त्यस्तै गरी वडा नम्बर ४ मा २७७ जना महिला र २७३ जना पुरुष, वडा नम्बर ५ मा ३०३ जना महिला र २७७ जना पुरुष र वडा नम्बर ८ मा ३५६ जना महिला र ३४६ जना पुरुषले खोप लगाएका हुन् । गाउँपालिकाले दोस्रो चरणको ३ दिने खोप पनि सञ्चालन गर्दैछ ।

दोस्रो खोप अभियान यहि माघ ११ गते देखि १३ गते सम्म हुँदैछ । दोस्रो चरणको खोप अभियान अन्तर्गत वडा नम्बर १, २, र ३ मा सञ्चालन हुने गाउँपालिकाले जनाएको छ ।

# विपद् व्यवस्थापन समितिद्वारा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरले संस्थाहरुलाई न्यानो कपडा वितरण गरेको छ ।

प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको नेतृत्वमा हेटौंडामा रहेको मानवसेवा आश्रम, मामाघर नेपाल, ओम बृद्धाश्रम र अपाङ्गता पुनर्स्थापना केन्द्रलाई न्यानो कपडा सहयोग गरेको हो । समितिले हेटौंडा-९ स्थित मानवसेवा आश्रममा आश्रित सहयोगापेक्षी मानवहरुका लागि एक सय ५० थान ब्ल्याङ्केट प्रदान गरेको छ । समितिको यस सहयोगले विभिन्न आश्रममा आश्रित व्यक्तिहरुलाई केही राहत महसुस हुने पाण्डेले बताए ।


## Women For Human Rights (WHR)

Single Women Group

### Vacancy Announcement

| | |
|---|---|
| Position | Provincial Officer |
| Project title | 'People's Participation in Social Harmony In Nepal' |

### Criteria's For Selection

- First priority to single women, Conflict affected women or daughter of single women or Conflict affected women
- Bachelors in social work or development studies
- Have basic knowladge in peacebuiding
- Have basic couputer skills (Ms.Word, Ms Excel)
- Able to take the overall responsibility of the implementation of the project as well as organization activities in their respective province
- Quick learner and can adapt to any environment

**Salary Scale:** Rs. 25, 955 (Inclusive Of Social Security Fund and allowances

***Apply with in 2078/10/12 to 2078/10/18***

Interested candidates can send their CV and Cover letter at whrmakwanpur@gmail.com or mail@whr.org.np no lattar than 4th February 2022.

## कर्मचारी आवश्यकता

*प्रथम पटक प्रकाशित मिति :२०६८/१०/१२*

यस ग्रामिण महिला सेवा केन्द्र मकवानपुर जिल्लाकै अग्रणी समुदायमा आधारित गैरसरकारी संस्थाको लागि तपशिलबमोजिमको योग्य जनशक्ति आवश्यक भएकोले ईच्छुक योग्य स्थानीय उमेदवारहरुबाट यही माघ १८ गतेसम्म दरखास्त पेश गर्न आव्हवान गरिन्छ ।

**पद** : कार्यालय सहयोगी
**संख्या** : १ (एक)
**योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एसईई उतीर्ण गरेको ।

**आवश्यक कागजातहरु:**
१) हस्तलिखित निवेदन, २) नागरिकताको प्रमाणपत्रको प्रतिलिधि, ३) बायोडाटा (व्यक्तिगत विवरण), ४) योग्यताको प्रमाणपत्रहरु तथा चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि, ५) तालिम तथा कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपिहरु ।

**पुनश्चः** उच्च शैक्षिक योग्यता, अनुभवि, दलित, महिला, अपाङ्गता भएका र स्थानीयलाई प्राथमिकता दिइनेछ ।

### ग्रामिण महिला सेवा केन्द्र

हेटौडा-५, लटीनाथमार्ग मकवानपुर
सम्पर्क नं.: ०५७-५२४२७८, ९८५५०६११५५

## कर्मचारी आवश्यकता

यस सहकारी संस्थाका लागि एक जना एम्बुलेन्स चालक आवश्यक परेको हुँदा इच्छुकले तपशिलको ठेगानामा सम्पर्क गर्नुहोला ।

**पदः** एम्वुलेन्स चालक

**आवश्यक कागजातहरु**
- नेपाली नागरिकता भएको
- ४५ वर्ष उमेर ननाघेको
- सवारी चालक अनुमतिपत्र भएको
- अनुभविको पत्र समावेश गर्न
- कक्षा ८ उतीर्ण गरेको शैक्षिक प्रमाणपत्रको प्रतिलिपी
- सेवा सुविधा संस्थाको नियमअनुसार
- यस सहकारी संस्थाको शेयर सदस्य र एकाधर परिवारको लागि विशेष प्रथामिकता दिइने

**दरखास्त दिने अन्तिम मितिः** २०७८/१०/१२ गतेदेखि २०७८/१०/१८ गते ४ बजेसम्म ।

### युवा बचत तथा ऋण सहकारी संस्था लि.

सम्पर्कः ०५७-५२४७०२, ९८५५०७६५०१
हेटौंडा-२, मकवानपुर

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

### VACANCY ANNOUNCEMENT


Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | Lab Technician/ assistant | 2 | Negotiable | PCL/TSLC |
| 3 | CMA/ANM | Few | Negotiable | TSLC |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## घडेरी बिक्रीमा

जिल्ला : मकवानपुर
हेटौडा उपमहा नगरपालिका
वडा नं. १



सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२
हेटौडा-५

## डबल ब्ल्याक खाजा

**स्वादिष्ट परिकारहरू:**
- बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
- चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
- बफ सुकुटी र छोयला
- हल्का पेय पदार्थ
- भेज चाउमिन



**ओपाज** कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

### डबल ब्ल्याक खाजा

हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## स्वास्थ्य कार्यालय मकवानपुर

वागमती प्रदेश, हेटौंडा

### कोभिड १९ को संक्रमणबाट बचौ र बचाऔं

कोभिड १९ विरुद्ध खोप लगाई सकेका व्यक्तिहरुलाई गम्भीर बिरामी हुने जोखिम कम भएपनि संक्रमण हुने जोखिम रहिरहन्छ । लक्षण नदेखिएका व्यक्तिहरुले पनि अर्को व्यक्तिलाई संक्रमित बनाउन सक्ने भएकोले थाहै नपाई तपाईले आफ्ना प्रियजनहरु माझ संक्रमण फैलाईरहनु भएको पनि हुनसक्छ । त्यसैले जहिले पनि नाक, मुख र चिउडो छोपिने गरि मास्क लगाई जीम्मेवार नागरिकको दायित्व पुरा गरौं ।

**याद गरौं:**
"कोभिड १९ विरुद्ध पूर्ण खोप लगाऔं आफू र आफ्नो परिवारलाई कोभिड १९ रोग लाग्नबाट बचाऔं"
"जनस्वास्थ्यको मापदण्डको कडा रुपमा पालना गरौं, गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं"

## www.sajhakuranews.com

साझाकुरा

"तपाई, हामी सबैको कुरा"
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।





## खुल्यो ! खुल्यो

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*

### होटल MAX

हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना